नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

# राष्ट्रिय जनगणना २०७८

## जातजाति, भाषा तथा धर्म सम्बन्धी तथ्याङ्कीय नतिजा सार्वजनिक सम्बन्धमा

## प्रेस विज्ञप्ती

मिति २०७९ चैत्र १० गते सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डज्यूबाट राष्ट्रिय जनगणना २०७८ को राष्ट्रिय प्रतिवेदन सार्वजनिक भएको थियो । प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसार तथा गाउँपालिका तथा नगरपालिकास्तरीय नतिजाहरुसमेत क्रमैसँग सार्वजनिक भइसकेको सर्वविदित नै छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयमा जातजाति, भाषा र धर्म सम्बन्धमा सरोकारवाला विभिन्न व्यक्ति तथा संस्थाहरुबाट करिव ७० वटा माग/ध्यानाकर्षण पत्र दर्ता भएको र यस सन्दर्भमा विज्ञ तथा संवैधानिक आयोगका सम्बन्धित कर्मचारीहरुको सहभागितामा परामर्श गरिएको र विभिन्न व्यक्ति तथा संस्थाहरुसँग छलफल गरिएको थियो । साथै संवैधानिक आयोगहरु, भाषा आयोग तथा मन्त्रालयहरुसँग पनि छलफल गरी राय सुझाव लिइएको थियो ।

विगतका जनगणनाहरूमा जस्तै यस पटकको जनगणनामा पनि नेपालमा बसोबास गर्दै आएका सबै व्यक्तिहरूलाई जातजाति, भाषा, धर्म र अन्य विषयमा प्रश्नहरू सोधिएको थियो । यस परिप्रेक्ष्यमा २०६८ सालको जनगणनामा प्रकाशित भएका सबै जातजाति, भाषा र धर्मलाई यथावत् राखिएको छ ।

२०६८ सालको जनगणनामा प्रकाशित भएका जातजाति र भाषाका अतिरिक्त २०७८ मा उल्लेख भई आएका थप नयाँ जातजाति र भाषाहरुको सन्दर्भमा त्यसलाई अन्तिम रुप दिन विज्ञहरूबाट प्रासंगिक कागजातहरू अध्ययन गरी वर्गीकरण गरिएको छ ।

जातजाति, भाषा तथा धर्मसँग सम्बन्धित यी तथ्याङ्क उत्तरदाताहरूले दिएका जवाफका आधारमा र विज्ञसमूहको सिफारिस अनुसार राष्ट्रिय जनगणना २०७८ मा जातजातिको संख्या १४२, मातृभाषा संख्या १२४ र धर्म संख्या १० कायम भएको छ । वि.सं. २०६८ सालको जनगणना अनुसारका कुल १२५ जातजातिमा १७ वटा जातजाति थप भएको छ । वि.सं. २०६८ सालको जनगणना अनुसारको कुल १२३ वटा मातृभाषा मध्ये १२ वटा विदेशी भाषा बोल्ने व्यक्तिहरूको संख्या न्यून भएकोले “अन्य भाषा” अन्तर्गत समावेश गरी हाल नयाँ थप भएका १३ वटा समेत गर्दा जम्मा १२४ वटा मातृभाषा कायम भएको छ ।

जातजाति, भाषा र धर्मसम्बन्धमा नतिजा प्रकाशनको पहिलो चरणमा स्थानीय तहसम्मको लिङ्ग अनुसारको जनसंख्या सार्वजनिक गरिएको छ । जातजाति, भाषा र धर्म सम्बन्धी विस्तृत विवरण निम्नानुसार लिंकबाट अनलाइन अध्ययन गर्न सक्नु हुनेछ ।

https://censusnepal.cbs.gov.np/results/downloads/caste-ethnicity/

https://nsonepal.gov.np/ बाट लगइन गरी population data बटनमा क्लिक गरी हेर्न सकिनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

१९ जेष्ठ २०८०

राष्ट्रिय तथ्याङ्क कार्यालय